जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय ७ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २२० पृष्ठः ४ | २०८१ पुस १३ गते शनिबार (Saturday 28 Nov. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जग्गा रोक्का र फिर्ता गर्ने सहमतिपछि खुल्यो कृषि विकास बैंक लहानको ताला




सिरहा, १२ पुस। प्रक्रिया मिचेर करोडौँको जग्गा सस्तोमा लिलाम गरेको भन्दै लहानमा रहेको कृषि विकास बैंकमा लागेको ताला खुलेको छ। लहान नगरपालिका-२ का ऋणी रामचन्द्र यादवले स्थानीयवासीको सहयोगमा तालाबन्दी गरेका थिए। वार्ता भएर ८ घण्टापछि साँझ तालबन्दी खुलेको छ। वार्ता समितिले यो प्रक्रियामा दोषी देखिने सबैलाई कारबाही गर्न माग गरेका छन्। लिलाम भएका जग्गा तत्कालै बैंकले मालपोतलाई पत्राचार गरी रोक्का गर्ने र कानुनी प्रक्रिया मिलाएर

-बाँकी अन्तिम पेजमा

## मिर्चैया-कटारी-घुर्मी सडक स्तरोन्नति गर्न साढे ९ अर्ब लागत अनुमान

सिरहा, १२ पुस। मिर्चैया-कटारी-घुर्मी सडक खण्ड स्तरोन्नति तयारी गरिएको छ। सडक विभागले यस सडक खण्ड स्तरोन्नति गर्ने प्रयोजनका लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार पारी वन तथा वातावरण मन्त्रालयमा पेस गरेको छ। प्रतिवेदन अनुसार निर्माण सुरु भएको ३० महिनामा काम सक्ने योजना सहित यो आयोजनाको कुल लागत ९ अर्ब ४७ करोड लाग्ने अनुमान गरिएको छ। मधेश प्रदेशको सिरहा जिल्ला मिर्चैया चोकबाट सुरु भई कोशी प्रदेशको उदयपुर जिल्लाको घुर्मी बजार पुगेर यो सडक खण्ड सकिन्छ।




यस आयोजना अन्तर्गत मूलरूपमा सडकको चौडाई फराकिलो पार्नेलगायत पुल निर्माण र स्तरोन्नतिको काम गरिने भएको छ। प्रतिवेदन अनुसार यस सडकलाई सहरी इलाकामा १३ मिटर चौडाइ बराबर बनाउने तयारी छ। ग्रामीण भेग (पहाड) मा ८.५ मिटर र तराईमा १० मिटर फराकिलो हुने गरी सडक विस्तार गरिने भएको छ। आयोजनाभित्र ३ वटा ठूला पुल पर्छन्। ७ साना पुल, २ सय ८९ पाइप कल्भर्ट, ८ बक्स कल्भर्ट, २६ स्ल्याब कल्भर्ट र ५ वटा कजवे निर्माण गर्नुपर्ने देखिएको छ। यो सडक स्तरोन्नतिबाट मिर्चैया नगरपालिकाका वडा नम्बर ६ र ७ तथा कटारी नगरपालिका १, २, ३, ४, ८, ११ र १४ नम्बर वडालाई प्रत्यक्ष लाभ मिल्ने समेत प्रतिवेदनमा उल्लेख छ।

यो सडकले सोलुखुम्बु सल्लेरीलाई पूर्वपश्चिम राजमार्गसँग जोड्ने छ। अहिले दैनक ५ सय ठूला साना सवारीसाधन गुड्ने गरेको तथ्यांक छ। यही सडकले

-बाँकी तीन पेजमा




CITY TRADE CONCERN
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

## एसईईका लागि परीक्षा आवेदन फाराम खुल्यो

काठमाडौं, १२ पुस। माध्यमिक शिक्षा परीक्षा (एसईई) को परीक्षा आवेदन फाराम खुला भएको छ। परीक्षा नियन्त्रण कार्यालयले सूचना निकालेर आजदेखि माघ १२ गते भित्र परीक्षा दस्तुर पाँच सय रुपैयाँसहित आवेदन फाराम भर्न आग्रह गरेको छ।सम्बन्धित शिक्षा विकास निर्देशनालयहरूले विद्यार्थीहरूको परीक्षा आवेदन फाराम भराउने तथा परीक्षा केन्द्र कायम गर्ने लगायतका काममा सम्बन्धित प्रदेश अन्तर्गतका शिक्षा विकास तथा समन्वय इकाईहरूलाई सहजीकरण गर्ने व्यवस्था मिलाउन पनि सूचनामा आग्रह गरिएको छ। यस वर्षको एसईई चैत ७ गतेदेखि हुने र नतिजा २०८२ असार ६ गतेभित्र प्रकाशित गर्नेगरी यसअघि नै कार्यतालिका सार्वजनिक भइसकेको छ।




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 9801591693 | 9819784901

## उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# किसानलाई सूचीकरण गर

किसान सूचीकरणको कार्यान्वयन तथा हक अधिकारका विषयमा केन्द्रित रहेर राष्ट्रिय किसान आयोगले देशका विभिन्न ठाउँमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरेको छ। आयोगले किसानको सूचीकरण किन आवश्यक भन्नेबारेमा जानकारीसमेत गराएको छ। अनुदान र सेवा सुविधामा किसानको समान पहुँच कायम गर्न, योजना तर्जुमा तथा निर्माणमा सहयोग पुऱ्याउन, साना किसानको सशक्तीकरण गर्न तथा किसानको पहिचान र अधिकार सुनिश्चित गर्न किसानको सूचीकरण आवश्यक रहेको राष्ट्रिय किसान आयोगले जनाएको छ। आयोगले मङ्सिरको पहिलो हप्तादेखि शुरू गरेको अन्तरक्रियात्मक कार्यक्रम हिजो सुनसरीको इटहरीमा सम्पन्न गरेको छ। यसअघि सुर्खेत, जुम्ला, बैतडी, अछाम, दाङको भालुवाङ, रुपन्देहीको भैरहवा र धनकुटामा कार्यक्रम भएको थियो।

मुख्यगरी पालिकासँग आयोगले समन्वयात्मक सम्बन्ध स्थापित गर्दै नीतिगत तहमा किसानका समस्याबारे प्राप्त जानकारी पुऱ्याउने उद्देश्य राखेको छ। पालिकामा किसान सूचीकरण कार्यक्रमको वर्तमान अवस्था, समस्या र चुनौती र यसमा उठ्ने गरेका सवालबारे छलफल कार्यक्रम गरिएको आयोगले जनाएको छ। किसानको वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र त्यसैको आधारमा राज्यबाट प्रवाह हुने कृषिसँग सम्बन्धित सम्पूर्ण सेवा–सुविधा उपलब्ध गराउने सरकारको लक्ष्य छ। सबै पालिकाबाट किसान सूचीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तथा वर्गीकरणसमेत गरी परिचयपत्र वितरण गर्न राष्ट्रिय किसान आयोगले निरन्तर आग्रह गर्दै आएको छ। आफ्नो पायक पर्ने वडा कार्यालय वा सम्बन्धित पालिकामा सम्पर्क गरी सूचीकृत हुन सकिन्छ।

चालू आर्थिक वर्षमा ३० लाख किसानलाई सूचीकरण गर्ने लक्ष्य छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार देशभर ४१ लाख ३० हजार कृषक घरधुरीमध्ये यो वर्षभित्र ३० लाख कृषक घरधुरी विद्युतीय प्रणालीमा सूचीकृत गर्ने लक्ष्यअनुसार काम भइरहेको छ।किसानका लागि सामाजिक सुरक्षामा केन्द्रित रहेर आयोगले निरन्तर कार्यक्रम र आवश्यक समन्वय गर्दै आएको छ। सामाजिक सुरक्षाको क्षेत्रमा सरकारबाट प्रवाह हुने सेवा, सुविधा किसान परिचयपत्रका आधारमा वितरण गर्नुपर्ने, अनुदान वितरणमा एकद्वार प्रणालीबाट गर्ने, कृषिसँग सम्बन्धित कार्यक्रम प्रभावकारी सञ्चालन गर्न एउटा छुट्टै योगदानमा आधारित किसान कोषको स्थापना गर्ने लगायतका विषयहरू छन्।

# आयोजना कार्यान्वयनमा स्वामित्व अभाव प्रमुख समस्या

**डा. विष्णुप्रसाद गौतम**

विकास र समृद्धिको आकांक्षालाई साकार पार्न सघाउने एउटा उपाय हो गौरवका आयोजना। तर, आकांक्षा र सोचबाट मात्र निर्देशित हुनु यस्ता आयोजनाको विडम्बना हुन पुगेको छ। कुनै खास राष्ट्रिय मापदण्डबिना तमाम आयोजनाकै साधारण हैसियतमा एउटा विशेषण थपेर मात्र गौरवका आयोजना भइहाल्ने होइनन्। विश्व बैंकले नेपालको प्रणालीगत विश्लेषणसम्बन्धी प्रतिवेदन सन् २०१८ मा तयार पारेको थियो। त्यो प्रतिवेदनअनुसार नेपालको वार्षिक कार्यक्रम पुस्तिकामा उल्लिखित आयोजनाहरूको औसत निर्माण अवधि ११ वर्ष र राष्ट्रिय गौरवका आयोजनाको औसत निर्माण अवधि १३ वर्ष रहेको पाइयो। हाम्रो विडम्बना यस्तो छ।

हामीले स्वप्नील कुरा गर्नुभन्दा अगाडि वास्तविक हैसियतको विवेचना गर्नुपर्ने हुन्छ। खास कारण पहिल्याउनुपर्छ। वस्तुगत समाधान खोज्नुपर्छ। कार्यान्वयन क्षमतामा उल्लेख्य सुधार गर्नु वाञ्छनीय छ। असरल्ल पारिएका परियोजनालाई निष्कर्षतर्फ नडोर्याई थप परियोजनामा लालयित हुनु समाधानमुखी हुनुभन्दा पनि चुनौतीलाई बढावा दिनुजस्तो भएको छ। वास्तविक समस्याहरूमा केन्द्रित नहुने र वास्तविक समस्याका कुरा झिना–मसिना ठान्ने आकाशे प्रवृत्ति विकासको बाधक बनेको छ। समस्या समाधानका लागि समस्यालाई आत्मसात् गर्नु पूर्वसर्त हुनुपर्छ। समाधानका लागि अठोट हुनुपर्छ। आयोजनाको हकमा समस्याको आत्मसात् र समाधानको अठोट भनेको स्वामित्व ग्रहण गर्ने कुरा हो। आयोजनाको सफल कार्यान्वयन नहुनुमा बहस गर्दा कैयौँ कारण देखिन्छन्। तर, स्वामित्व ग्रहणको अभाव प्रमुख कारण हो।

मानौं हामीलाई कुनै जाँच दिनुपर्ने छ। त्यसका लागि काठमाडौँ वा यस्तै कुनै सहरसम्म यात्रा गर्नुपर्नेछ। केही कारण बस पाइएन भने हामी रिजर्भ गरेर भए पनि जान खोज्छौं। आफन्त र साथीभाइसँग सहयोग माग्छौं। उपलब्ध हुन सक्ने सबै विकल्प सम्झन्छौं। र, मन्थन गर्छौं। सडकको सट्टा हवाई मार्ग खोज्छौं। जेसुकै गरेर भए पनि हामीले हाम्रो जाँचमा उपस्थिति जनाउने विषयमा केन्द्रमा राख्छौं र त्यसैअनुरूप कर्म गर्छौं। हामीले जाँचको पूर्ण स्वामित्व लिन्छौं। समयतालिकालाई कुल्चने छूट नै हुँदैन। असाधारण परिस्थितिमा पनि लक्ष्य हासिल गर्ने हाम्रो तीव्र चाहना हुन्छ। हामी सबैमा यसो गर्ने क्षमता विद्यमान हुन्छ।

यसै अवधारणालाई अलि फराकिलो हिसाबले सोच्ने हो भने निजी क्षेत्रले कार्यान्वयन गर्ने र सार्वजनिक क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाबीचको कार्यशैलीगत भिन्नता बोध गर्न सक्छौं। निजी क्षेत्रमा स्वामित्व लिने परिपाटी तुलनात्मक रूपमा राम्रो हुन्छ। समयसीमालाई उच्च महत्त्व दिइन्छ। तर, हाम्रोमा सार्वजनिक क्षेत्रमा त्यो परिपाटी र महत्त्व कमजोर छ। बुटवल–नारायणगढ सडक विस्तार परियोजना यसको एक सटिक उदाहरण हुन सक्छ। यो परियोजना हामी सबैको हो। तर, यसको खास स्वामित्व कसैले नलिएकाले समयमा सम्पन्न हुन नसकेको हो। यति मात्र होइन कहिले सकिन्छ भनेर यकिनसाथ कसैले भन्नसम्म सक्तैन। स्वामित्व ग्रहण कसैले नलिएको एउटा संकेत यसको थपिएको म्यादबाट पनि बुझ्न सकिन्छ। यसको म्याद साउनको ८ गतेसम्म थपिन्छ यसरी कि थप्ने कसैलाई पनि साउन ८ मध्य वर्षाको समय हो भन्ने हेक्का रहन्न। अनि जब साउन आउँछ, हामीले सधैँ सुन्न र पढ्न पाइन्छ कि वर्षा लाग्यो। त्यसैले समयमा सकिएन। मानौं, उक्त पदाधिकारीलाई असार–साउनमा वर्षा हुन्छ भन्ने थाहा नै भएन। म्याद थप्ने विषयको एउटा प्रक्रिया हुन्छ। तलबाट उठेको फाइल माथि पुग्छ। निर्णय गर्ने तहसम्म पुग्दा धेरै जना अधिकारीले हेर्नुभएको हुन्छ। यदि यो आफ्नै आयोजना हो भन्ने जिम्मेवारीबोध हुने भएको भए कुनै न कुनै तहमा त्यो विषयले चर्चा पाउँथ्यो।

आयोजना कार्यान्वयनको हाम्रो क्षमता कति हो ? त्यसअनुरूप आयोजनाको अवधि तोकिनुपर्छ। तीन वर्षमा कार्यान्वयन गर्नै नसक्ने आयोजना छ भने पनि तीन वर्ष म्याद राखेर ठेक्का लगाउने प्रचलन पनि छ। अनि म्याद थप गर्दा पनि गम्भीर हुने संस्कार देखिन्न। हाम्रो क्षमता र परिस्थितिका कारण पाँच वर्ष लाग्ने निश्चय हो भने पाँच वर्षकै म्याद राखेर समयतालिका बनाउनु उपयुक्त हुन्छ। तर, आयोजनाको स्वामित्व ग्रहण भएन भने सुरू गराउने अधिकारीले सम्पन्न गर्नेसम्मको समग्रतामा विचार गर्छन् भनी विश्वास गर्न सकिएन। प्रायः आयोजनाका अधिकारीहरूसँग साक्षात्कार हुँदा स्वामित्वबोध कमै पाइन्छ। मेरो सरुवा यहीँ गरे, अब अर्को सरुवा नहुञ्जेल यहीँ काम गर्ने हो भन्ने सोच प्रधान पाइन्छ। कर्मचारीको सरुवा गर्ने निर्णयकर्तासँग साक्षात्कार हुँदा उहाँहरूमा पनि आयोजनाको स्वामित्व लिएजस्तो गम्भीरता भेट्न मुस्किल हुन्छ। हाम्रो दुर्भाग्य भन्नुपर्छ, मन्त्री र सरकारका प्राथमिकता र उद्देश्य यस्ता कुरामा परेको पाइन्न। आयोजना कसको हो भन्दा सार्वजनिक हो अर्थात् हामी सबैको हो तर स्वामित्वको हिसाबले हामी कसैको पनि होइन भन्ने प्रतीत हुन्छ।

बुटवल–नारायणगढ सडककै कुरा गर्ने हो भने देशको अर्थतन्त्र नै थला पार्ने गरी यसले भूमिका खेलेको छ। यात्रु र ढुवानीकर्ता वर्षौंदेखि पीडित छन्। स्थानीयवासीको जनजीवन नारकीय छ। वातावरण संरक्षणको कुरा गर्ने हो भने यसले देशको मध्यभागको प्रदूषणमा समेत यथोचित योगदान गरेको छ। दाउन्नेबाट बर्दघाट खण्डको जंगल क्षेत्रमा झरीको बेलाबाहेक सायदै कहिल्यै अगाडिको गाडी देख्न सम्भव हुने गरी धुलो बसेको छ। देशको समग्र मनोविज्ञान नै बिगार्ने गरी यसले भूमिका खेलेको छ। यो सारा तमासा वर्षौंदेखि छ। तर, त्यसको स्वामित्व लिने कुनै निकाय छैन भनेजस्तो देखिन्छ। आजको मितिमा पनि उक्त परियोजना निश्चित रूपमा कहिले सम्पन्न हुन्छ भनेर कसैले भन्न सक्तैन। भन्न चाहँदैन। भन्नुस् भनेर कुनै निकायलाई भनियो भने सायद उक्त जिम्मेवारी अरू कसैको हुने भनेर विषयान्तर गरिन्छ। अपवाद छाडेर कुरा गर्नुपर्दा हाम्रा आमपरियोजना तथा राष्ट्रिय गौरवका परियोजना समेतको नियति यस्तै–यस्तै छ।

सरकारले मापदण्डबिना नै राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गरिरहेको छ। ती परियोजनाले गौरवको हुनुको विशेष सुविधा प्राप्त नगरिरहेको अवस्था छ। यो परिप्रेक्ष्यमा लुम्बिनी प्रदेशमा मापदण्ड बनाएर मात्रै प्रदेश गौरवका परियोजना छनोट गर्ने अभ्यास लागू गर्न खोजिएको हो। कुनै पनि परियोजनाले अनावश्यक ढिलासुस्ती खेप्नु हुँदैन। तर, एकैचोटि कायापलट गर्न पक्कै सम्भव छैन। त्यसैले केही यस्ता परियोजना छनोट हुन् जसमा जनताले गर्वबोध गर्न सकून्। कार्यान्वयन गर्नेहरूलाई पनि गौरवबोध होस्। ती परियोजनाले विकास र समृद्धिमा निःसन्देह योगदान गरून्। अनि तिनको कार्यान्वयनको मार्ग अत्यन्त सहजीकरण गरियोस्। कुशल जनशक्ति तथा पर्याप्त बजेटको व्यवस्था गरियोस्। निश्चित समयसीमा कायम होस्। पूर्वतयारीका चरणहरू पहिल्यै पूरा गरियोस्। कतिपय नीति–नियममै परिवर्तन गरियोस्। यसरी विशेष प्राथमिकता दिने परिपाटी अभ्यास गरेर गौरवका आयोजनाको गौरवपूर्ण कार्यान्वयन गर्न सकिन्छ।

सरकार तथा मन्त्रीको छिटो–छिटो फेरबदलीले आयोजना प्रक्रियामा तात्विक अन्तर पर्दैन भनेर यदाकदा दाबी गरिने गरेको छ। यद्यपि, यसले अपूरणीय क्षति गरिराखेको हुन्छ। किनभने, स्वामित्व ग्रहणको पाटो धराशायी हुन पुग्छ। त्यस्तो फेरबदलीको सिलसिलास्वरूप जिम्मेवार पदाधिकारीको सरुवा आयोजनाका लागि अर्को पीडा बन्ने गरेको छ। आयोजना कार्यान्वयनका लागि स्वामित्वबोध गर्ने जनशक्तिको सबैभन्दा महत्त्वपूर्ण भूमिका छ। किनभने, जिम्मेवार पदाधिकारीले बाँकी तमाम स्रोत–साधन जुटाउने सामर्थ्य राख्छ। अनुकूल परिस्थितिमा थोरै प्रयासमै, प्रतिकूल परिस्थितिमा कठोर प्रयासमा। तर, आयोजनाप्रति स्वामित्वबोध नै गर्न नदिने गरी असामयिक, हचुवा र स्वार्थप्रेरित सरुवा गर्ने चलनले गर्दा आयोजनाहरू बेवारिस बनिरहेका हुन्छन्। जिम्मेवार पदाधिकारीलाई आवश्यक स्रोत–साधन र निर्णय क्षमताका लागि सहजीकरण गर्ने तथा आयोजनाको प्रगतिलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाउने परिपाटी देखिने गरी लागू गर्ने दिशामा सरकारहरूले ध्यान पुऱ्याउनुपर्छ। आयोजनामा काम गर्ने तलदेखि माथिसम्मका सबैलाई यो आयोजना मेरो हो, मेरो जिम्मेवारी हो भन्ने बोध हुनुपर्छ। काम गराउने दिशामा के–के गर्नुपर्ने हो ? सरकारले त्यसतर्फ ध्यान दिन जरुरी छ। जिम्मेवार पदाधिकारीले पनि आफ्नो नियुक्ति विशेष भूमिका र योगदानका लागि भएको हुनाले त्यसमा कसरी अब्बल बन्ने भन्नेमा ध्यान केन्द्रित गर्नु जरुरी देखिन्छ। अरूको चियोचर्चो र गुनासो गर्नुको सट्टा सबैले आआफ्नो भूमिकामा ध्यान केन्द्रित गर्नमा जोड दिने हो भने स्थितिमा उल्लेख्य सुधार भइहाल्छ। आयोजनाको सफल कार्यान्वयन भनेको बाधा–व्यवधान र जोखिमरहित चउरमा गाडी गुडाएजस्तो सहज कर्म होइन। अपितु घुम्तीयुक्त सडकमा कुशलतापूर्वक सवारी चलाएजस्तो चुनौतीपूर्ण जिम्मेवारी हो। बाधा–व्यवधान तथा जोखिमलाई आयोजना कार्यान्वयन नगर्नका लागि बहाना बनाएर नभई कुशाग्र दिमाग र तौरतरिकाले सम्बोधन गर्ने हो भने उल्लेख्य प्रभावकारिता हासिल गर्न सकिन्छ। समस्याहरूको पर्याप्त छलफल गर्नुपर्ने उपयुक्त ठाउँमा समस्याको चर्चा गर्न नै हिच्किचाउने प्रवृत्ति देखिन्छ। समस्या सकभर लुकाउने अनि अनुपयुक्त ठाउँमा समस्या देखाउँदै झर्कने देखिन्छ। समस्याको सही चिरफार नगरीकन समाधान फेला पर्दैन। यसो हुनाले समस्यालाई वस्तुगत हिसाबले पेस गर्ने र समाधानका सम्भावित उपाय पस्कने परिपाटीमा जोड दिनु उपयुक्त हुन्छ।

जिम्मेवारी सकभर पन्छाउने प्रवृत्तिले गर्दा समस्या समाधान नहुने दिशातर्फ जान्छन्। आयोजनाहरू सफल कार्यान्वयन नहुने दिशामा जान्छन्। जिम्मेवार अधिकारीले जिम्मेवारी पन्छाउनुको सट्टा जिम्वारीबोध गर्ने गरे धेरै समाधान निस्कन थाल्छन्। आजको भोलि कायापलट सम्भव छैन। तर, आफ्ना कमजोरीलाई निरन्तर सुधार गरेर मात्रै हामीले साना–ठूला सबै खाले आयोजनाको सफल कार्यान्वयन गर्न सक्नेछौँ। गौरवका आयोजनाको हकमा पर्याप्त जनशक्ति, बजेट, समय, विशेष नीति–नियम तथा निर्णयको सुनिश्चितता गरे उल्लेख्य प्रगति हासिल गर्न सक्छौँ। अठोटयुक्त समय–तालिका बनाएर त्यसको सम्मान गर्ने गरी आयोजनाप्रतिको स्वामित्व ग्रहण हाम्रो संस्कार बन्नुपर्छ।

# प्रतिस्पर्धा वा उपभोक्ता समितिबाट योजना संचालन गर्ने विषयमा मधेशका सत्तारुढ दल विभाजित

**सन्तोष सिंह**

धनुषा, १२ पुस। मधेश प्रदेश सरकारको योजना प्रतिस्पर्धी खरिद विधि र उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने विषयमा गठबन्धन दल विभाजित भएका छन्। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा ठूला विकास निर्माणको काम खुल्ला प्रतिस्पर्धा विधिबाट र साना योजना स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने उल्लेख गरिए पनि सत्ता गठबन्धन दलले उपभोक्ता समितिमार्फत योजना सञ्चालन गर्न अडान राखेपछि गठबन्धन दल विभाजित भएका हुन्। जनमत नेतृत्वको सरकार मधेश प्रदेशमा गठन भएपछि प्रदेश सरकारको योजना खरिद बिक्री रोक्न, गुणस्तरीय विकास निर्माणको काम गर्न, कमिसनको जालो तोड्न नीति तथा कार्यक्रम र बजेटमै सरकार आयोजनाहरूको कार्यान्वयन गर्दा खुल्ला एवं प्रतिस्पर्धी खरिद विधिको अबलम्बन हुनेगरी व्यवस्था उल्लेख गरेको छ।

योजना खरिद बिक्री हुने र अनियमितता नियन्त्रण गर्न विनियोजन विधेयकमा प्रतिस्पर्धा विधिबाट योजना सञ्चालन गर्ने उल्लेख गरिएको र अहिले दलका नेताहरूले उपभोक्ता समितिबाट योजना सञ्चालन गर्नुपर्ने अडान राखेको जनमत पार्टी संसदीय दलका नेता महेश यादवले बताए। 'नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले शुक्रबार बोलाएको गठबन्धन दलको बैठकमा प्रदेश सरकारको काम कर्तव्यबारे छलफल भयो,' नेता यादवले भने,'बैठकमा सरकारका काम कारबाहीबारे छलफल भयो। दलका नेताहरूले साना योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्नुपर्ने प्रस्ताव राखे। बजेट मार्गदर्शनमा प्रतिस्पर्धात्मक विधिबाट योजना सञ्चालन गर्नुपर्ने व्यवस्था जानकारी गराएपछि बैठक बिनानिष्कर्ष टुंगियो।' बैठकमा कांग्रेस, एमाले, लोसपा र जनमत पार्टीका नेताहरू सहभागी भएको यादवले बताए।

प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नम्बर २१ मा प्रदेश सरकार आयोजनाहरूको कार्यान्वयन गर्दा खुल्ला एवं प्रतिस्पर्धात्मक खरिद विधिको अबलम्बन हुनेगरी व्यवस्था मिलाइने र लाभग्राही एवं नागरिकको आयोजनाप्रति स्वामित्व र अपनत्व सिर्जना गर्न पारदर्शी कार्यान्वयन प्रक्रिय सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचलान गरिने उल्लेख गरिएको छ। त्यस्तै बजेट वक्तव्यको बुँदा नम्बर १४७ मा प्रदेश सरकार अन्तर्गतका निकायहरूले कार्यान्वयन गर्ने विकास

–बाँकी अन्तिम पेजमा

# यौनाङ्ग सङ्क्रमणबाट बच्न ध्यान दिनुपर्ने ८ कुरा

**डा. सचिनकुमार यादव**
प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

विभिन्न स्वास्थ्य समस्याबाट बच्न व्यक्तिगत सरसफाइमा ध्यान दिनु जरुरी हुन्छ। व्यक्तिगत सरसफाइमा ध्यान दिंदा शरीरका सबै अङ्ग सफा गर्नुपर्छ। यसका लागि हामी हरेक दिन नुहाउने गर्छौं। त्यस्तै स्वास्थ्यका लागि शरीरसँगै यौनाङ्गको पनि नियमित सरसफाइ आवश्यक हुन्छ। सामान्य सरसफाइको अभावमा हुने सङ्क्रमणले कतिपय जटिल स्थिति पनि निम्तिन सक्छ यस्तोमा सङ्क्रमणबाट बच्न केही कुरामा विशेष ध्यान दिनुपर्छ।

**नियमित सरसफाइ गर्ने :** यौनाङ्गमा दैनिक सफा गर्नु धेरै महत्त्वपूर्ण छ। त्यसैले दिनमा एक पटक पानी, हल्का र सुगन्धरहित नरम साबुनले धुनुपर्छ। यसले जलन रोक्नुका साथै पसिना र सूक्ष्म जीवहरू हटाउन मद्दत गर्छ। शौचालय प्रयोग गरिसकेपछि पानीले सफा गरेर राम्ररी पुछ्नुपर्छ। यो दिनचर्याले ब्याक्टेरियाको फैलावटलाई रोकेर युरिनरी ट्र्याक्ट इन्फेक्सनको जोखिम कम गर्छ।

**प्रशस्त पानी पिउने :** पिसाब प्रणाली स्वस्थ राख्न प्रशस्त पानी पिउनु जरुरी हुन्छ। हरेक दिन पर्याप्त मात्रामा पानी पिउनाले यूटीआई जस्ता संक्रमण गराउने कीटाणु र विषाक्त पदार्थहरूलाई बाहिर निकाल्न मद्दत गर्छ। शरीरमा निर्जलीकरण हुन नदिनु सङ्क्रमणबाट बच्ने सजिलो र प्रभावकारी उपाय हो।

**यौन सम्पर्कपछि पिसाब फेर्ने र यौनाङ्ग सफा गर्ने :** यौन क्रियाकलापपछि पिसाब फेर्ने र यौनाङ्ग सफा गर्नाले ब्याक्टेरियाको फैलावट रोक्न मद्दत गर्छ र विभिन्न सङ्क्रमणबाट बच्न पनि सकिन्छ।

**सुगन्धित उत्पादनको प्रयोग नगर्ने :** यौनाङ्गमा पाउडर वा अन्य सुगन्धित स्वच्छता उत्पादन प्रयोग नगर्नु नै उपयोगी हुन्छ। यसले सूक्ष्म जीवको सामान्य सन्तुलनमा बाधा पुऱ्याउँछ र सङ्क्रमणको जोखिम बढाउँछ। यौनाङ्गलाई स्वस्थ राख्न, हल्का र गन्धरहित उत्पादन छनोट गर्नु राम्रो हुन्छ।

**स्वस्थ र सन्तुलित खाना खाने :** खाने बानीले पनि स्वास्थ्यमा ठूलो प्रभाव पार्छ। सम्पूर्ण अन्न, फलफूल र तरकारी आदि समावेश भएको सन्तुलित आहारले रोगप्रतिरोधात्मक क्षमतालाई बलियो बनाउँछ। जसले गर्दा सङ्क्रमणको जोखिम कम हुन्छ।

**महिनावारीको समयमा स्वच्छता कायम गर्ने :** महिनावारीको समयमा यौनाङ्गको सरसफाइमा विशेष ध्यान दिनुपर्छ। ब्याक्टेरियाको वृद्धिलाई रोक्न समय–समयमा सेनेटरी प्याड परिवर्तन गर्नुपर्छ। प्याड परिवर्तनसँगै यौनाङ्गमा पनि सफा गरेर सङ्क्रमणबाट बच्न सकिन्छ।

**उपयुक्त पेन्टी छनोट गर्ने :** सुतीको पेन्टी तुलनात्मक रुपमा उपयोगी हुन्छ। नाइलन वा सिल्क कपडाका पेन्टी लगाउँदा तरल पदार्थलाई सोस्न सक्दैन, जसले सङ्क्रमणको जोखिम हुन्छ।

**सरसफाइमा मनतातो पानीको प्रयोग :** यौनाङ्ग शरीरको संवेदनशील अङ्ग हो, त्यसैले यौनाङ्ग सफा गर्न धेरै तातो वा चिसो पानी प्रयोग गर्नु हुँदैन। सफाइका लागि मनतातो पानी प्रयोग गर्नु राम्रो हुन्छ।

# पाँच हजार विद्यार्थीलाई ट्राफिक प्रशिक्षण

**रवीन्द्र उप्रेती**

बर्दिबास, १२ पुस। चुनौतीपूर्ण बन्दै गएको सडक असुरक्षा न्यूनीकरण गर्न जिल्ला ट्राफिक कार्यालय बर्दीबासले प्रशिक्षण अभियान सुरु गरेको छ। यस अभियानमा नगर क्षेत्रका २३ वटा माध्यमिक विद्यालयका पाँच हजार ७० जनालाई समेटिएको छ। बर्दीबास ट्राफिकको यो महत्वाकांक्षी अभियानमा विद्यार्थी साथ उनका अभिभावक, स्थानीय जनप्रतिनिधि, शिक्षक र कर्मचारीलाई समेत सहभागी गराइने तालिका छ। विद्यालयका बालबालिका सूचनाका संवाहकसमेत भएकाले विद्यालय तहबाट सडक सचेतना कार्यक्रमको थालनी गरेको बर्दीबास ट्राफिक प्रमुख लक्ष्मीराज जोशीले बताए। उनले यो कार्यक्रम पुसदेखि माघसम्म प्रत्येक विद्यालयमा क्रमिकरुपमा गर्दै जाने जानकारी दिए।

अभियानको थालनी बर्दीबास १ स्थित देउराली माध्यमिक विद्यालयबाट गरिएको छ। यसको उद्घाटन बर्दीबास नगरपालिकाका प्रमुख प्रह्लाद क्षेत्री र प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीले आज संयुक्त रुपमा गरेपछि अभियानको औपचारिक सुरुवात भएको जनाइएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख क्षेत्रीले यसै महिनादेखि पूर्वपश्चिम राजमार्ग एशियाली मापदण्डमा स्तरोन्नति हुने भएकोले ट्राफिक ज्ञान तथा सडक अनुशासनको औचित्य र महत्व थप आवश्यक भएको बताए। सडक अनुशासनको पालना दण्ड र जरिवानाले भन्दा पनि शिक्षा, सचेतना र सहमतिले हुने भएकोले ट्राफिकको विद्यालय अभियानलाई बर्दीबास नगरपालिकाले सहयोग र सहकार्य गरेको उनको भनाइ थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीले ट्राफिक नियम र सडक अनुशासनलाई संस्कारको रुपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याए। उनले सवारी लाइसेन्सलाई सहज बनाउन आफनो तहबाट पनि सहजीकरण गर्ने प्रतिबद्धता प्रकट गरे। प्रजिअ कवाडीले भने, "अव्यवस्थित पार्किङ, अतिक्रमित सडक, सडकमै हाटबजार जस्ता समस्या समाधानका लागि तपाईंहरु कदम बढाउनुस् प्रशासनले आवश्यक सहयोग गर्छ।" महोत्तरीका प्रहरी उपरीक्षक नकुल पोखरेलले उद्घाटन सत्रमा सहभागी स्कुले विद्यार्थीलाई प्रश्नोत्तर शैलीमा ट्राफिक ज्ञान र सडक अनुशासन सम्बन्धी गराएको जानकारीले कार्यक्रमलाई रोचक मोड दिएको थियो। पोखरेलले भने, "सडक सुविधा मात्र हैन। नजान्दा यो दुर्घटनास्थल पनि हो। ट्राफिक नियम र सडक अनुशासनको पालनाले दुर्घटनाबाट बच्न सकिने हुँदा यो अभियान सञ्चालन गरिएको हो।"

पथलैयास्थित मधेश प्रदेश ट्राफिक प्रमुख भीमकिरण बोगटीले नियम लाद्ने र राजस्व असुलने मात्र ट्राफिक प्रहरीको लक्ष्य नभएको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, 'हाम्रो लक्ष्य हो दुर्घटनालाई शून्यमा झार्ने। ८० प्रतिशत दुर्घटना मोटरसाइकलको कारण भएको छ। ट्राफिको एक्लो प्रयासले मात्र सडक सुरक्षा हुन सक्दैन। सबैको सहयोग, सहाकार्य, दायित्वबोध र ट्राफिक नियमको पालनाले मात्र यसलाई न्यून गर्न सकिन्छ।' जिल्ला ट्राफिक कार्यालय बर्दीबासका प्रमुख लक्ष्मीराज जोशीले चालु आवको ६ महिनामा महोत्तरीमा सवारी दुर्घटना र मृतक एवं घाइतेको संख्यामा उल्लेख्य कमी आएको विवरण पेश गरेको थियो।

जोशीले भने, "सडक अनुशासन र ट्राफिक नियम जीवनोपयोगी ज्ञान पनि भएकोले विद्यालय तहमा सुरु गरिएको ट्राफिक सचेतना कार्यक्रमले सकारात्मक, नतिजामूलक र दीर्घकालीन प्रभाव राख्ने विश्वास लिएका छौं।" यसअघि बर्दीबास उधोग वाणिज्य संघका अध्यक्ष विष्णु खड्काले दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियम र लागुऔषध नियन्त्रण पाठ्यक्रममै समावेश गर्नुपर्ने आवश्यकता औंल्याए।

# शैक्षिक केन्द्र बन्दै बर्दिवास

महोत्तरी, १२ पुस। मधेसको पूर्व–पश्चिम लम्बाइमा करिब मध्यमा पर्ने महोत्तरीको बर्दिवास नगर क्षेत्रलाई शैक्षिक केन्द्र बन्दैछ। यसअघिदेखि विभिन्न संकायका विधामा उच्च शिक्षाको केन्द्र रहँदै आएको बर्दिवासमा भर्खरै पशु स्वास्थ्य विज्ञान संकायको कलेज स्थापनाको प्रक्रिया अघि बढेपछि यो नगरक्षेत्र शैक्षिक केन्द्र बन्न लागेको हो। बर्दिवासमा मधेस कृषि विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञान कलेज बनाउने प्रक्रिया अघि बढाइएको छ। कृषि, पशु स्वास्थ्य विज्ञान, मत्स्यविज्ञान, खाद्य प्रविधि र वन विज्ञानसमेत पाँच विधाको अध्ययन हुनेगरी २०७८ सालमा स्थापित मधेस कृषि विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञानको पठनपाठन र प्रयोगात्मक अभ्यासका लागि बर्दिवासमा उच्च शिक्षा पूरा गरिने कलेज निर्माण हुन लागेको मधेस कृषि विश्वविद्यालयका रजिष्टार डा. भगवान् ठाकुर बताउँछन्।

कलेजका लागि बर्दिवास–१३ विजलपुराको नदी उकास जग्गाबाट ५१ बिघा उपलब्ध गराउने बर्दिबास नगरपालिकाको सिफारिसलाई प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा दर्ता सिफारिस समितिले निर्णय गरिसकेको प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले बताए। नगरपालिकाले २०७९ पुसमै यो कलेज स्थापनाका लागि राष्ट्रिय योजना आयोगसँग प्रस्ताव लग्यौं, कानुनी प्रकृया पूरा गर्दै अघि बढ्दा केही समय लागे पनि अब भने यसले गति समातेको बर्दिबास नगरप्रमुख प्रल्हादकुमार क्षेत्री बताउँछन्। सरकारले प्रारम्भिक चरणमै आर्थिक वर्ष २०८०/८१ मा भेटेरेनरी कलेज निर्माणका लागि तीनवर्षे अवधिको क्रमागत योजनाअन्तर्गत रु नौ करोड ५० लाख विनियोजन गरेको थियो।

तर त्यतिखेर कलेजका लागि जग्गा प्राप्तिको विषय अघि नबढ्दा अन्यौलमा परेको थियो। संघीय सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा पनि भेटेरनरी कलेजको विषय समावेश गरेको छ। जग्गाप्राप्तिको अन्तिम निर्णय भएपछि यसैपालि भेटेरेनरी अस्पताल, पशु शैंया (बिरामी पशु राखिने ठाउँ) प्रयोगशाला र कर्मचारी आवासका संरचना निर्माणको काम तत्कालै थालिने मधेश कृषि विश्वविद्यालयले जनाएको छ। रजिष्टार ठा. ठाकुर भन्छन्, 'तीन वर्षभित्र कलेजका संरचना निर्माणका काम सकिनेछन्, त्यसलगत्तै पठनपाठन र अभ्यास शुरु गर्न सकिन्छ।'

बर्दिबास नगर क्षेत्र कृषि र यसअन्तर्गतको पशुपालन व्यवसायको उर्बर ठाउँ भएको हुँदा यहाँ स्थापना हुने पशु स्वास्थ्य विज्ञान कलेजको स्थापनाले उच्च शिक्षा लिने मात्र नभई सर्वसाधारण किसान पनि लाभान्वित हुने बर्दिबास नगर प्रमुख क्षत्रीको विश्वास छ। 'यहाँ स्थापना भई सञ्चालन हुने भेटेरेनरी कलेजबाट यहाँ पशुपालन व्यवसाय प्रबर्द्धनमा मद्दत पुग्नेछ' क्षेत्री भन्छन्, 'यहाँबाट उत्पादन हुने पशु स्वास्थ्य विज्ञान विषयका दक्ष जनशक्तिले मुलुककै समृद्धिमा योगदान दिनेछन्।'

बर्दिबासमा अहिले भेटेरेनरी कलेज स्थापनाको कुराले नगर विभिन्न विधाको औपचारिक शिक्षाको मुख्य गन्तव्य (केन्द्र) बन्ने नगरबासीको विश्वास छ। 'हाम्रो नगर शैक्षिक गन्तव्यको मुख्य थलो बन्दैछ' भेटेरेनरी कलेज स्थापनाको कुराले उत्साहित भएका बर्दिबास जनता बहुमुखी क्याम्पसको प्राज्ञसभाका अध्यक्ष भरतबहादुर हमाल भन्छन्, 'यसले बर्दिबासलाई शैक्षिक गन्तव्यको थलोका रुपमा विकास हुनमा थप आधार बनाउनेछ।'

बर्दिबासमा यसअघिदेखि नै वाणिज्य र शिक्षा संकायको त्रिविविअन्र्तगतको बर्दिबास जनता बहुमुखी क्याम्पस, प्राविधिक धारतर्फका आठभन्दा बढी विधाको पठनपाठन र अभ्यास हुने निर्मल लामा बहुप्राविधिक शिक्षालय र कृषि विश्वविद्यालय रामपुर सम्बन्धनको कृषि संकायको विभिन्न विधाको पठनपाठन हुने प्राकृतिक स्रोत कलेज सञ्चालनमा छन्। स्नातक तहसम्मका यी शैक्षिक प्रतिष्ठानले बर्दिबासलाई शैक्षिक केन्द्रका रुपमा परिचय दिएको छ। अब भेटेरेनरी कलेज स्थापनाको कुराले यसमा थप बल पुग्ने शिक्षाविद् बर्दिबास–१ का बासिन्दा लिलाविक्रम थापा बताउँछन्।

शिक्षा संकायमा स्नातकोत्तर र वाणिज्यमा स्नातक तहसम्मको पठनपाठन हुने बर्दिबास जनता क्याम्पसमा अहिले एक हजार तीन सय बढी छात्रछात्रा अध्ययनरत छन्। यसैगरी स्नातक तहसम्मकै निर्मल लामा बहुप्राविधिक शिक्षालयमा (सिभिल इञ्जिनियरिङ्ग, सर्वे नापी, फुड एण्ड डेरी, होटल म्यानेजमेन्ट, फार्मेसी, वन विज्ञान र आयुर्वेदसहितका आठ विधामा गरी आठ सय माथि छात्रछात्रा छन्। यसैगरी प्राकृतिक स्रोत कलेजमा मुलुककका सातै प्रदेशका चार सय बढी छात्रछात्रा छन्। यसबाहेक यहाँका छ माध्यमिक विद्यालयले डिप्लोमा तहका कृषि विज्ञान, पशु स्वास्थ्य र कम्प्युटर विज्ञानसम्बन्धी प्राविधिक धारको पठनपाठन गराउँदै आएका छन्।

यहाँ नेपाल सरकारको २०७३ सालकै निर्णयले बर्दिबास मेडिकल कलेज निर्माणको प्रक्रियामा छ। मेडिकल कलेजको पूर्वाधार निर्माणको परियोजना कार्यालय नै स्थापना भएर सात जनाको जनशक्ति कार्यरत छ। तर यो कलेज निर्माणको प्रस्तावित स्थल वन अधिनस्थ जग्गा हुँदा अहिले जग्गाप्राप्तिकै कुरा विचाराधीन छ। भेटेरीनरी कलेज स्थापनाको कुराले उत्साहित बर्दिबासवासी मेडिकल कलेजको जग्गाबारे पनि चाँडै निर्णय आउने पर्खाइमा छन्।

बर्दिबासमा उच्च शिक्षाका लागि सञ्चालित कलेजका अतिरिक्त माध्यमिक तहका सामुदायिक विद्यालय ३० वटा रहेका छन्। बर्दिवास नगर कार्यपालिकाको कार्यालयको शिक्षा शाखाका प्रमुख रेवतीरमण पराजुली भन्छन्, 'उच्च शिक्षामा विभिन्न विधाको पठनपाठनको अवसर यहाँ बन्दै जानुले यो नगर मधेशकै शैक्षिक गन्तव्यका रुपमा विकास हुने क्रममा छ।'

# तीन वटा विश्वविद्यालयका उपकुलपतिले शपथ लिए

काठमाडौं, १२ पुस। प्रधानमन्त्री केपी शर्मा ओली समक्ष विभिन्न तीन वटा विश्वविद्यालयका नवनियुक्त उपकुलपतिहरूले आज पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको कार्यक्रममा कुलपतिको हैसियतमा प्रधानमन्त्री ओलीबाट नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. डा. धनेश्वर नेपाल, पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. डा. वेदराज केसी र कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्रा. डा. शारदा थपलियाको शपथ लिएका हुन्। प्रधानन्त्री ओलीले नवनियुक्त उपकुलपतिहरूलाई कार्यकाल सफलताको कामना गरे। कार्यक्रममा सहकुलपति एवम् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, नेपाल सरकारका उच्च अधिकारीलगायत उपस्थित थिए।

## *मिर्चैया–कटारी...*

संखुवासभा, ओखलढुंगा र खोटाङ जिल्ला सदरमुकाम समेत जोड्ने छ। यो आयोजना एसियाली विकास बैंकको आर्थिक सहयोगमा निर्माण हुने समेत प्रतिवेदनमा उल्लेख छ।

# स्थानीय गोलभेँडा पर्याप्त

सर्लाही, १२ पुस। सर्लाहीका किसानले उत्पादन गरेको स्थानीय (लोकल) जातको गोलभेँडा प्रशस्त मात्रामा बजार भित्रिन थालेको छ। यस वर्ष गत असोजको वर्षाले गोलभेँडाको बेर्ना सखाप पारेकाले पुनः बेर्ना तयार पारेर बोट सार्नुपर्दा ढिलो गरी उत्पादन भएको किसानले बताएका छन्। स्थानीय गोलभेँडा बजारमा पर्याप्त भित्रिन थालेसँगै भारतीय गोलभेँडाको आयात घट्न थालेको छ। तुलनात्मक रूपमा स्वादिलो हुने स्थानीय जातको गोलभेँडाले केही दिनदेखि भारतीय गोलभेँडा तत्काललाई यहाँका बजारबाट विस्थापित नै गरेको छ। चारैतिर स्थानीय जातको गोलभेँडा तयार भएर बजारमा ठुलो परिमाणमा भित्रन थालेसँगै किसानले मूल्य भने कम पाउन थालेका छन्।

यस वर्ष किसानले २५ किलो अट्ने एक क्रट गोलभेँडा तीन हजार रुपियाँसम्ममा बिक्री गरेका थिए। अहिले प्रशस्त फल्न थालेपछि क्रेटको एक हजार दुई सय रुपियाँदेखि एक हजार पाँच सय रुपियाँसम्ममा बिक्री हुन थालेको छ। मधेश प्रदेशको प्रमुख तरकारी बजारका रूपमा रहेको लालबन्दी थोक तरकारी बजारमा गोलभेँडा प्रतिकिलो ४५ देखि ५० रुपियाँसम्म बिक्री गर्न पाउँदा किसान खुसी देखिन्छन्। भण्डारण गरेर राख्ने चिस्यान केन्द्रको अभावमा गोलभेँडा खेती गर्ने किसानलाई गोलभेँडा पाक्नासाथ बजारमा जति नै मूल्य भए पनि बेचिहाल्नुपर्ने बाध्यता छ।

अघिल्ला वर्षको तुलनामा यो वर्ष गोलभेँडाले राम्रो मूल्य पाइरहेको लालबन्दी नगरपालिका–११, हिरापुरका किसान सुमनलाल घिसिङले बताउनुभयो। बोट हुर्काउने बेला वर्षाले निराश पारे पनि अहिले राम्रो भाउ पाउँदा खुसी लागेको घिसिङको भनाइ छ। जिल्लामा उत्तरी भेगको लालबन्दी, हिरापुर, पत्थरकोट, जियाजोर, परवानीपुर, घारीबथान, रानीगन्ज, सासापुर, नवलपुर, डाबरी, घुर्कौलीलगायतका भेगमा व्यावसायिक रूपमा गोलभेँडा खेती हुने गरेको छ। यस भेगका किसानले बजारमा प्रशस्त गोलभेँडा बिक्री गर्न ल्याउन थालेसँगै लालबन्दी थोक तरकारी बजारका व्यापारीले अन्यत्र सहरमा पठाउने गोलभेँडाको परिमाण बढाउन थालेका छन्। लालबन्दी थोक तरकारी बजारका अध्यक्षसमेत रहेका व्यापारी तोरनबहादुर मगरले यहाँबाट दैनिक ६० टन गोलभेँडा निकासी हुन थालेको जानकारी दिए। किसानले लालबन्दी बजारमा ल्याएर बेच्ने गोलभेँडा व्यापारीले मलंगवा, जनकपुर, वीरगन्ज, सिन्धुलीसहित संघीय राजधानी काठमाडौँसम्म पुऱ्याउने गरेका छन्। पछिल्लो समय गोलभेँडा फल्ने सिजनमा पूर्वपश्चिम राजमार्गस्थित हरिवनको तीनघरे लच्कामा अस्थायी बजार राखेर त्यस भेगका किसानले फलाएको गोलभेँडा खरिद गर्ने गरेका छन्।

# नियतवश घर लिलामी गरेको भन्दै जनकपुरधामका व्यवसायी आन्दोलित

**लक्ष्मी चौधरी**

जनकपुर, १२ पुस। जनकपुरधाम उपमहानगरपालिका स्थित मिल्स एरियामा रहेको सिद्धार्थ बैंक लिमिटेडको ऋण व्यवस्थापन प्रक्रियामा उठेको विवादले स्थानीय व्यवसायीहरू आन्दोलित बनेका छन्। जनकपुरधाम वडा नं. ८ स्थित वाल्मीकिनगरमा सुद्रिका कुमारी देवीको नाममा रहेको ८ धुर जग्गामा बनेको अढाई तल्ले घर सिद्धार्थ बैंकले बिना प्रक्रिया लिलाम गरेको भन्दै जनकपुरधामका उद्योगी व्यापारी बिहीबारदेखि आन्दोलित भएका हुन्। बैंकले ऋणीको सम्पत्ति लिलामी गरेपछि उत्पन्न विवादले बैंकिङ प्रणाली र ऋण व्यवस्थापनको पारदर्शितामाथि प्रश्न उठाएको छ। पीडित सुद्रिका कुमारी देवीका छोरा दिनेश रायले भन्नुभयो, "बैंकबाट दुई पटक गरी कुल ७५ लाख रुपियाँ ऋण लिएको हो।

ऋण लिएको अवधिभर नियमित रूपमा ब्याज बुझाउँदै आएका थियौं। मैले ८६ लाख रुपियाँ बाँकी रकम तिर्न तयार रहेको र गत नोभेम्बर १३ मा १ लाख रुपियाँ ब्याज बुझाएको थिएँ।" तर यहाँ बैंकले नियतवश घर लिलामी गर्यो, प्रक्रिया पनि पूरा गरेको छैन, ऋण तिर्छु भन्दा पनि बैंकले अटेरी गरेर घर लिलामी गरेर व्यक्तिको नाममा नामसारी गरिसकेपछि मात्र आफूहरुले जानकारी पाएको पीडितका छोरा रायले बताए। जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहितले सुद्रिका देवीको समर्थनमा उभिँदै बैंकका शाखा प्रबन्धक अर्नबहादुर बलम्पाकीविरुद्ध कारबाहीको माग गरेका छन्। "यो प्रक्रियाले स्थानीय व्यवसायीहरूको मनोबल गिराउने काम गरेको छ," संघका अध्यक्ष भण्डारीले भने।

गत शुक्रबार बैंकका शाखा प्रबन्धक अर्नबहादुर बलम्पाकीसँग कुराकानी गरेर जाँदा पनि आइतबारदेखि उहाँले भेट्न आलटाल गरेको अध्यक्ष भण्डारीले बताए। उनले नियतवश लिलामी गरेको आरोप लगाउँदै भने, "बैंकले यसअघि पनि एक व्यापारीको खातामा जम्मा भएको पैसा जम्मा गर्ने व्यक्तिले फिर्ता लगेको भन्दै पैसा नदिँदा पनि व्यापारी आन्दोलनमा उत्रेका थिए।" बैंकको यस्तो कदमले स्थानीय व्यवसायीहरूलाई आक्रोशित बनाएको छ। नाराबाजी गर्दै ठुलो संख्यामा व्यवसायीहरू बैंक परिसरमा बिहीबारदेखि नै जम्मा भएर आन्दोलन गरिरहेका छन् भने सो क्षेत्रमा सवारीसाधन आवतजावत पनि बन्द गरिएको छ। यता प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले विवादका पक्षहरूबिच छलफल गर्न शाखा प्रबन्धक बलम्पाकीलाई जिल्ला प्रहरी कार्यालयमा लगिएको बताए। उनले विवादलाई नियन्त्रण गर्न बैंक परिसरमा प्रहरी परिचालन गरेको बताए।

व्यवसायीहरूले बैंकिङ प्रणालीमा सुधारको आवश्यकता औंल्याउँदै यस्तो घटनाले बैंकको प्रतिष्ठामाथि आघात पुग्ने बताएका छन्। पीडित परिवारले घरजग्गा फिर्ताको माग गर्दै पत्रकार सम्मेलनमार्फत न्यायको गुहार गरेका छन्। "हामीले दुई करोडभन्दा बढी ब्याज बुझाइसक्यौं, तर बैंकले हाम्रो सम्पत्तिमाथि अन्याय गर्यो," सुद्रिकाका छोरा दिनेश रौनियारले बताए। विवादले स्थानीय बैंकिङ प्रणालीमा पारदर्शिता, निष्पक्षता र ग्राहकहरूको अधिकारको संरक्षणलाई पुनर्विचार गर्न बाध्य बनाएको छ। बैंकले विवाद समाधानमा उचित पहल नगरे, यसले समाजमा बैंकप्रतिको विश्वासलाई खतरामा पार्न सक्छ।

# बालविवाहमुक्त पालिका बनाउन बालिका सम्मेलन



**धर्वेन्द्र झा**

जनकपुर, १२ पुस। बालविवाहमुक्त पालिका घोषणा गराउने उद्देश्यका साथ धनुषाको लक्ष्मिनियाँ गाउँपालिकाको सपहीस्थित बिपी माध्यमिक विद्यालयको प्राङ्गणमा शुक्रबार बालिका सम्मेलन सम्पन्न भएको छ। गर्ल्स फस्ट फण्डको सहयोगमा लाइफ नेपाल र लक्ष्मिनियाँ गाउँपालिकाले संयुक्त रुपमा आयोजना गरेको बालिका सम्मेलनमा किशोरीहरुले बालविवाह अन्त्यका लागि के के गर्नुपर्छ भन्ने विषयमा आफ्ना धारणाहरु राखेका थिए। उनीहरुले मूलतः आर्थिक विपन्नता र चेतनाको अभावमा बालविवाह जस्ता कुरीति बढ्दै गएको भन्दै यसका अन्त्यका लागि किशोरीहरुले एक अर्कालाई सचेत गराएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए। उनीहरुले बालविवाह अन्त्यका लागि निर्माण भएका ऐन कानुनको समेत प्रभावकारी कार्यान्वयन नभएकोमा चिन्ता व्यक्त गर्दै बालविवाह रोक्नका लागि सरोकारवाला सबै पक्ष एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए। सम्मेलनमा किशोरीहरुलाई कुनै बेला सङ्कट आइपर्दा आफूलाई कसरी सुरक्षित राख्न सकिन्छ भन्ने विषयमा आत्मरक्षाका लागि तालिम दिइएको छ। बालिका सम्मेलनमा बालविवाह रोक्ने सम्बन्धमा तयार पारिएको जनचेतनामूलक गीतहरु प्रस्तुत गर्नुको साथसाथै मिथिला क्षेत्रका लोक नृत्य मिझिया र समाचकेवाको प्रस्तुति गरिएको थियो। बिपी माध्यमिक विद्यालय किशोरी क्लबका अध्यक्ष प्रतिमा यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा लक्ष्मिनियाँ गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले बालविवाह समाजका लागि अभिशाप रहेको भन्दै यसका अन्तयका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले केही महिनाभित्रमै लक्ष्मिनियाँ गाउँपालिकालाई बालविवाहमुक्त पालिका घोषणा गर्ने लक्ष्यका साथ पालिकाले लाइफ नेपालसँगको सहकार्यमा कामकाजलाई अगाडि बढाएको बताए।

कार्यक्रममा लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले सन २०१९ देखि नै लक्ष्मिनियाँ गाउँपालिकामा बालविवाह मुक्तका लागि आफनो संस्थाले काम गर्दै आएको र सो समयमा ४९ प्रतिशत रहेको बालविवाहका घटना हाल २२ प्रतिशतमा झरेकोमा खुशी व्यक्त गरे। कार्यक्रममा गर्ल्स फस्ट फण्डका कार्यक्रम सल्लाहकार निर्मला गुरुङ, उक्त पालिकाका छ वटै वडाका वडा अध्यक्ष र पालिकाभरिका विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता थियो।

## जग्गा रोक्का ...

जग्गा फिर्ता गरी धनीको नाममा कायम गर्ने सहमति भएको छ। दिनभरि कर्मचारीहरूलाई भित्रै थुनिएको थियो। जसका कारण सेवा अवरुद्ध रहेको थियो। प्रहरीले बाहिर सुरक्षा दिएका थिए।

प्रक्रिया मिचेर लिलाम भएको वार्ता समितिका सदस्य जिल्ला उद्योग वाणिज्य संघ सिरहाका अध्यक्ष विकास शारदाको भनाइ छ। उनका अनुसार जग्गा धितो लिलाम गर्दा पञ्चीकृत गर्नुपर्छ। त्यो थिएन। पञ्चीकृत गर्दा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जग्गाधनी, भ्यालुएटर र बैंकका प्रतिनिधि हुन्छ। स्थलगत गई चलनचल्तीका भाउ पत्ता लगाएर लिलाम हुन्छ। यहाँ बैंकले ऋण स्वीकृत गर्ने बेलामा जग्गाको मूल्याकंन ८० लाख गरेर ३५ लाख ऋण स्वीकृत गरेका थिए। तर, ४ वर्षपछि जग्गाको भाउ बढ्नुको साट्टो घटाएर ६५ लाख मूल्याकंन गरी ३५ लाखमै लिलामी गरेको बुझिएको छ। ऋण दिलाइदिने बिचौलिया र कर्मचारीको मिलोमतोमा सस्तो लिलाम भएको वार्ता समिति सदस्यहरूको भनाइ छ। सुनसरी भोत्राहा–३ की ताराकुमारी रौनियारले लिलामी स्वीकार गरेको देखिएको छ। उनले पुस ३ गते आफ्नो नाममा जग्गा नामसारी गराएको छ।

ऋणी यादवले पूर्व–पश्चिम राजमार्ग टाँसिएकै साँवा ७ धुर जग्गा धितो राखि ०७७ फागुन १५ गते ३० लाख रुपैयाँ ओडी ऋण लिएका थिए। उनले मंसिर महिनाको पनि किस्ता तिरेको बताएका छन्। ब्याज सावाँ गरी हालसम्म १९ लाख ९२ हजार ७७३ रुपैयाँ तिरिसक्दा पनि जग्गा लिलाम हुँदा अन्यायमा परेको ऋणी यादवले बताए। उनका अनुसार ०८१ कात्तिक २९ गते जग्गा लिलाम गरिदिने कर्मचारीले धम्की दिए। पैसा पटक पटक बुझाइरहँदा पनि चलनचल्ती अनुसार १ करोड ४५ लाखमा बिक्री हुने जग्गा ३५ लाखमै लिलाम गरिदिएको यादवले सुनाए। 'गाउँको १० कठ जग्गा बेचेर बजारमा जग्गा किनि घर बनायौं त्यो बैँकले लिलाम गर्दा बेघर हुने अवस्थामा पुगेका छौँ,' यादवले भने, 'सोझो मान्छे जसरी पनि ठगिने गर्दछ। हामीलाई सरकारले न्याय गर्नुपर्छ।' सहमति अनुसार अगाडि बढ्ने बैँकले जनाएको छ।

## प्रतिस्पर्धा वा...

निर्माणका कार्यहरू खुला एवं प्रतिस्पर्धी खरिद विधिअनुसार गरिने तथा स–साना सार्वजनिक निर्माणारु कार्य गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमार्फत कार्यन्वयन गर्ने नीति लिइने र नागरिकको आयोजनाप्रतिको स्वामित्व, अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिने व्यवस्था गरिएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले संसद्रुबाट पारित नीति कार्यक्रम र बजेटमा भएको व्यवस्था कार्यन्वयन नगरी उपभोक्ता समितिमार्फत मन्त्रालयको योजना सञ्चालनका लागि उपभोक्ता समितिसम्बन्धी कार्यविधि बनाएको छ। भौतिक मन्त्रालयले बनाएको कार्यविधिलाई अर्थ मन्त्रालयले सहमतिसमेत दिएको छ।


**नेपाल विद्युत प्राधिकरण**
**(नेपाल सरकारको स्वामित्व)**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर**
**मिर्चैया वितरण केन्द्र मिर्चैया**

**नेपाल बिद्युत प्राधिकरण, मिर्चैया वितरण केन्द्रको अत्यन्त जरुरी सुचना**

पूर्व–पश्चिम राजमार्गको कमला–कञ्चनपुर सडकखण्डको स्तरोन्नती कार्यको कममा मिर्चैयाको जिवा खेला देखी बतहा खोला सम्म पुराना गाडिएका बिद्युतीय पोलहरु उखेल्ने कार्य शुरु हुने भएको हुँदा सो क्षेत्र लगायत गोलबजार र बन्दीपुर क्षेत्रहरुमा समेतको पुराना विद्युतीय पोलहरुमा रहेका बिभिन्न IPS तथा अन्यका Cable, OFC आदीका तारहरु मिती: २०८१/०९/१६ गते सम्म हटाउनका लागी सम्बन्धित सबैलाई यसै सुचनाद्वारा सुचित गरिन्छ। साथै सो अनुसार हुन नसके उक्त मिती पश्चात कार्यको शिलशिलामा हुन जाने क्षतीको जिम्मेवार ने.वि.प्रा. नहुने समेत पनि यसै सुचना मार्फत्त जानकारीको लागी अनुरोध गरिन्छ।

ने.वि.प्रा.मिर्चैया वितरण केन्द्र
मिर्चैया, सिरहा







मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)